प्रति साधारण शेयर रु.१००/– अंकित दरका ६,००,००० कित्ता साधारण शेयरहरुको निष्काशन (३०,००० कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको र ३०,००० कित्ता शेयर सामूहिक लगानी कोषहरुको लागि बाँडफाँड गरिएको) र बाँकी ५,४०,००० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन

FORWARD फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
Community Microfinance Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः दुहबी, भलुवा-३, सुनसरी, फोन नं. ०२५-५४००१८, फयाक्स नं. ०२५-५४१४८३
इमेलः info@forwardmfbank.com.np, वेवसाइटः www.forwardmfbank.com.np
को

यस माइक्रो फाइनान्स वितीय संस्थाले जारी गर्न लागेको साधारण शेयर निष्कासनलाई ईक्रा नेपाल लि. बाट "[ICRANP] IPO Grade 4+" को प्रमाणपत्र प्रदान गरिएको छ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति : २०७३/१०/०९ गते
निष्काशन बन्द हुने मिति (छिटोमा): २०७३/१०/१२ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा): २०७३/१०/२३ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : ५० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता : ३,००० शेयर

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो।

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७३/९/१९, नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७३/९/२० तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७३/९/२२ गते।

१. संस्थाको नाम :

फरवार्ड कम्यूनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
Forward Community Microfinance Bittiya Sanstha Ltd.

२. संस्थाको रजिष्टर्ड कार्यालय :

यस माइक्रोफाइनान्स वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय दुहबी, भलुवा न.पा.-३, सुनसरीमा रहेको छ भने सम्पर्क कार्यालय सिनामंगल, काठमाडौं मा रहेको छ।

३. कारोवार गर्ने मुख्य स्थान :

यस माइक्रोफाइनान्स वित्तीय संस्थाको कारोवार स्थान हाललाई प्रधान कार्यालय दुहवी, सुनसरी तथा शाखा कार्यालयहरु सुनसरी-११ वटा, मोरङ्ग-१० वटा, झापा-३ वटा, इलाम-३ वटा, पाँचथर-२ वटा, ताप्लेजुङ्ग-१ वटा, धनकुटा-१ वटा, तेह्रथुम-२ वटा, संखुवासभा-१ वटा, भोजपुर-१ वटा, सप्तरी-३ वटा, उदयपुर-२ वटा, खोटाङ्ग-१ वटा, सिरहा-१ वटा, धनुषा-१ वटा, महोत्तरी-२ वटा, सिन्धुली-१ वटा, सर्लाही-४ वटा, रौतहट-२ वटा, बारा-४ वटा, पर्सा-२ वटा, भक्तपुर-१ वटा, काभ्रेपलाञ्चोक-१ वटा, नवलपरासी-२ वटा, रुपन्देही-१ वटा, कपिलबस्तु-१ वटा, दाङ्ग-१ वटा, बाँके-२ वटा, बर्दिया-२ वटा, कैलाली-३ वटा, कञ्चनपुर-२ वटा र डडेलधुरा-१ वटा गरी जम्मा ७५ शाखा/उपशाखा कार्यालयहरु रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृती लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सक्नेछ।

४. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

सामाजिक तथा आर्थिक विकास कार्यक्रम संचालन र गरिबी निवारणको कार्य गर्ने गरी गैरसरकारी संस्थाको रुपमा सुनसरी जिल्लामा २०५२ साल बैशाख १८ गतेमा दर्ता भएको ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड) ले २०५९ पौष १५ गतेमा नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थकर्ताको इजाजतपत्र लिई लघुवित्तको कार्यक्रम सुनसरी र मोरङ्ग जिल्लाका केही गा.वि.स.बाट शुरु गरेको थियो। उक्त कार्यक्रम विपन्न समुदायको माग र संस्थाको सक्षमता अनुसार बढ्दै गएर २०६९ सालसम्म आइपुग्दा देशका विभिन्न २० जिल्लाका ५६ शाखा/उपशाखा मार्फत ९६ हजार परिवारमा वित्तीय सेवा संचालन भइसकेको थियो। यसै पृष्ठभूमिलाई लिएर उक्त ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड) ले सञ्चालन गरी ल्याएको लघुवित्तको कार्यक्रमलाई अझ प्रभावकारी, दरिलो र निरन्तरताको लागि नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय संस्थाको रुपमा इजाजत लिएर संचालन गर्ने सोचका साथ अगाडि बढ्यो। यसैको फलस्वरुप ग्रामीण महिला उत्सुकता विकास मञ्चको अगुवाईमा सो फरवार्ड संस्था, एभरेष्ट बैंक लि. र रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. तथा ५४ जना अनुभवी लघुवित्त कर्मी व्यक्तिहरुको संयुक्त लगानीमा सोही कार्यक्रमलाई हस्तान्तरण गरी संचालन गर्ने हेतुले कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९/०५/२८ गते दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०६९/१२/०६ गते वित्तीय कारोबार गर्ने "घ" वर्गको इजाजत पत्र लिएर मिति २०७०/०२/०३ गतेबाट औपचारिक रुपमा आफ्नो कारोबार संचालन गरेर यस फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लि.को स्थापना भएको हो। यस संस्थाको संस्थापक तथा सञ्चालकहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कार्यमा लामो समय देखि संलग्न अनुभवी तथा प्रतिष्ठित ब्यक्तिहरु रहनुभएकोछ।

माइक्रोफाइनान्स वित्तीय संस्थाको प्रबन्ध-पत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही लघुवित्त कारोवार गर्ने यस संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

(क) लघुवित्त वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट लघुवित्त कारोवार गर्ने संघ संस्था तथा विपन्न वर्गका जनसमुदायलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्तीय सम्बन्धिमध्यस्थता सेवा उपलब्ध गराउने,
(ख) कृषि, घरेलु उद्योग,सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका क्षेत्रमा लघु व्यवसायको स्थापना,विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय स्रोत र साधन आन्तरिक तथा बाह्यस्रोतबाट जुटाई देशको अधिकांश सेवा ग्रामिण तथा अर्ध विकसित शहरी क्षेत्रका निम्न आय भएका बर्गको स्वरोजगारी सृजना गर्ने तथा आय आर्जन गर्ने क्षमता विकासमा सहयोग पुर्याउने,
(ग) लघुवित्त सेवा र क्षेत्रलाई संस्थागत रुपमा विस्तार गरी त्यसमा विपन्न वर्गको पँहुच बढाउन राष्ट्रिय स्तरमा वित्तीय मध्यस्तता, समन्वय, सहजीकरण, उपलब्ध सिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरि ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको संचालन, विकास, विस्तार एवम् प्रर्वद्धन गर्ने र सो कार्यका लागि आवश्यक वित्तीय साधन प्राविधिक तथा ब्यवस्थापकिय परामर्श सेवा, अनुसन्धान, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी न्यूनीकरणको लागी सक्रिय रुपमा संलग्न भई सहयोग पुर्याउने,
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुर्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्याउन र
(ङ) देशको समग्र वित्तीय प्रणालीमा सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न सहयोग पुर्याउने।

५. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

- **अधिकृत पूँजी :** माइक्रोफाइनान्स वित्तीय संस्थाको अधिकृत पूँजी रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ४०,००,००० (चालिस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
- **जारी पूँजी :** माइक्रोफाइनान्स वित्तीय संस्थाको तत्काल जारी गर्ने पूँजी रु.२०,००,००,०००/- (अक्षरेपी बिस कारोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बिस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
- **चुक्ता पूँजी :** माइक्रोफाइनान्स वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोडमात्र) रहेको छ जसलाई रु.१००/- का दरले १४,००,०००(चौध लाख) कित्ता शेयरमा विभाजन गरिएको छ। सर्वसाधारणलाई रु.६,००,००,०००/-(अक्षरेपी छ करोडमात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात् वित्तिय संस्थाको चुक्ता पूँजी रु.२०,००,००,०००/- (अक्षरेपी बिस करोड मात्र) हुनेछ।

६. सर्वसाधारणलाई शेयर निष्काशन पश्चात हुने माइक्रोफाइनान्स वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

शेयरधनी	शेयर कित्ता	पूँजी संरचना (%)	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
समूह "क" का संस्थापक शेयरधनीहरु	१४००,०००.००	७०	१४०,०००,०००.००	शतप्रतिशत
समूह "ख" का सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	६००,०००.००	३०	६०,०००,०००.००	शतप्रतिशत
जम्मा	२,०००,०००.००	१००	२००,०००,०००.००	शतप्रतिशत

७. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :

यस माइक्रोफाइनान्स वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ९ (नौ) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

"क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित	६ (छ) जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	२ (दुई) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना
जम्मा	९ (नौ) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

८. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभूत शेयरधनीको विवरण

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	ग्रामिण महिला उत्सुकता विकास मञ्च (Forward), दुहबी, सुनसरी	लागु नहुने	लागु नहुने	लागु नहुने	५००,०००	लागु नहुने	- बिगत २१ बर्षदेखि सामाजिक विकास क्षेत्रमा कार्य गर्दै आईरहेको। - विगत १२ बर्षदेखि लघुवित्त सम्बन्धी कार्य गर्दै आईरहेको।
२	एभरेष्ट बैंक लि., लाजिम्पाट, काठमाडौं	लागु नहुने	लागु नहुने	लागु नहुने	५००,०००	लागु नहुने	- बिगत २१ बर्षदेखि बाणिज्य बैंक सम्बन्धी कार्य गर्दै आईरहेको।
३	रुरल माइक्रोफाइनान्स डेभलप्मेण्ट सेन्टर लि., पुतलीसडक, काठमाडौं	लागु नहुने	लागु नहुने	लागु नहुने	१५०,०००	लागु नहुने	- बिगत १६ बर्षदेखि लघुवित्त संस्थाको रुपमा कार्य गर्दै आईरहेको।

संचालकहरुको विवरण

सि.नं.	नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री भगबती चौधरी	अध्यक्ष	४४	नेपाली	दुहबी-३, सुनसरी	५८,३४०	एम.ए.	- बिगत २१ बर्षदेखि सामाजिक विकास संस्थामा कार्य गर्दै आईरहेको। - विगत १२ बर्षदेखि लघुवित्त सम्बन्धी कार्य गर्दै आईरहेको।
२	श्री सविता कुमारी दहाल	सञ्चालक	४९	नेपाली	औरावनी-९, सुनसरी	६,५००	एम.बि.एस.	- बिगत ३० बर्षदेखि शिक्षण पेशा गर्दै आईरहेको।
३	श्री आशुतोष शर्मा (एभरेष्ट बैंक लि. का तर्फबाट)	सञ्चालक	४५	नेपाली	रुरु-३, गुल्मी	५००,०००	एम.एस.सी, एम.बी.ए.	- बिगत २० बर्षदेखि एभरेष्ट बैंकमा कार्यरत रहेको।
४	श्री केशव राज पौडेल (एभरेष्ट बैंक लि. का तर्फबाट)	सञ्चालक	४८	नेपाली	कलंकी-१४, काठमाडौं		एम.बी.ए.	- १० बर्ष नबिल बैंक लि.को कार्यानुभव। - विगत १६ बर्षदेखि एभरेष्ट बैंकमा कार्य गर्दै आईरहेका।
५	श्री अन्नपूर्ण श्रेष्ठ (आर.एम.डी.सी का तर्फबाट)	सञ्चालक	४६	नेपाली	सानेपा, ललितपुर	१५०,०००	बि.ए.	- ६ बर्ष स्वावलम्बन विकास केन्द्रमाको कार्यनुभव। - विगत १५ बर्षदेखि रुरल माईक्रोफाइनान्स डेभलपमेन्ट सेन्टरमा लघुवित्त सम्बन्धी कार्य गर्दै आईरहेको।
६	श्री सत्य नारायण चौधरी	सञ्चालक	४७	नेपाली	हात्तीमुडा-२, मोरङ्ग	१०,०००	बि.ए.	- राष्ट्रिय प्रकृति संरक्षण कोषमा ४ बर्ष सञ्चालक कार्याअनुभव। - बिगत १२ बर्ष देखि मनमोहन पोलिक्लिनिकमा कार्यरत।

माइक्रोफाइनान्स वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा श्री आश नारायण चौधरी कार्यरत रहनु भएकोछ। श्री चौधरीले स्नातकोत्तर सम्मको शिक्षा हासिल गरि विभिन्न लघुवित्त संचालन, सहकारी व्यवस्थापन, शैक्षिक संस्थाहरुमा करिब २० वर्षको कार्यानुभव हासिल गरि विगत ३ वर्ष देखि यस फरवार्ड कम्युनिटि माइक्रोफाइनान्समा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनु भएको छ।

९. संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :

यस माइक्रोफाइनान्स वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

१०. धितोपत्र जारी गर्नुको उदेश्य :

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुरुप ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम माइक्रोफाइनान्स वित्तीय संस्थाको प्रवन्ध-पत्रले जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.६ करोड शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरुलाई बिक्री वितरण गरी माइक्रोफाइनान्स वित्तीय संस्थाको संचालनमा सर्वसाधारणलाई समेत संलग्न गराउन।
२. माइक्रोफाइनान्स वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
३. माइक्रोफाइनान्स वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

११. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता तथा अधिकतम ३,००० (तीन हजार) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ। ५० (पचास) कित्ताभन्दा वढी शेयरका लागि दरखास्त दिंदा १० (दश) अंकको गुणाङ्क संख्यामा दिनु पर्नेछ। दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ठ रकम दरखास्त फारामसाथ बुझाउनु पर्नेछ।

१२. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा–नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण:

वासलात

(रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			*आ.ब. ०७३/०७४ आश्विन मसान्त	प्रक्षेपित**		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. शेयर पूँजी	१०५,०००.००	१०५,०००.००	१४०,०००.००	१४०,०००.००	२००,०००	२८०,०००	३६४,०००
२. जगेडा तथा कोषहरु	५०,२६३.४५	१७५,६२५.६८	३५०,८३३.३६	४१८,८२२	५५३,९८०	६८०,८३६	८०१,६२१
३. ऋणपत्र तथा बन्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	१,३६४,८६०.८०	१,८६९,४३७.१६	२,७८८,९६९.८१	२,९८९,२०३	३,०९९,४१४	३,२४१,४२७	३,४९९,४२७
५. निक्षेप दायित्व	८७५,४६४.०८	१,२७५,८७१.३२	१,६८४,२६८.७४	१,९९६,२५२	२,३५३,९५०	२,८९०,५२५	३,५७७,०३२
६. प्रस्तावित नगद लाभाँश	-	-	-	-	-	४,०००	५,६००
७. आयकर दायित्व	१८७.४१	६,८३८.६१	५,३७०.२१	२१,२५६	-	-	-
८ अन्य दायित्व	१२,४३३.०२	३३,९५१.८३	२२९,१६१.१०	१९०,५०७	६६,३२७	९४,४३८	१२७,१०१
कुल पूँजी तथा दायित्व	२,४०८,२०८.७६	३,४६६,७२४.६०	५,१९८,६०३.२२	५,७५६,०४०	६,२७३,६७१	७,१९१,२२५	८,३७४,७८१
सम्पत्ति							
१. नगद मौज्दात (सिक्का समेत)	१,९३९.३९	९०७.१७	४१२.५२	२६२,४९१	९०७	२,३२०	२,३२०
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-		-	-	-
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	८७,०६२.५३	९६,२०५.४८	७७७,६३३.७६		५७,९४२	६९,९४४	८७,१०६
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	४१६,९९५.७९	३१७,५७९.७५	-	४५१,४६७	७११,२२८	४९६,९६५	८१७,७९२
५. लगानी	-	-	-	-	-	-	-
६. कर्जा सापट	१,७१७,११०.८६	२,८५१,२७५.१८	४,२३०,५४२.२६	४,८५२,०७७	५,३६८,५५४	६,५०६,६९९	७,३४८,९६८
७. स्थीर सम्पत्ति	६७,१५५.८५	७५,९६८.७३	७९,२०४.८२	७८,०५६	८२,९५९	८३,५३३	९९,२१८
८. गैर-बैकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	११७,९४४.३४	१२४,७८८.२९	११०,८०९.८७	१११,९४९	५२,०८२	३१,७६६	१९,३७७
कुल सम्पत्ति	२,४०८,२०८.७६	३,४६६,७२४.६०	५,१९८,६०३.२२	५,७५६,०४०	६,२७३,६७१	७,१९१,२२५	८,३७४,७८१

नाफा–नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक			*आ.ब. ०७३/०७४ आश्विन मसान्त	प्रक्षेपित**		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३		आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. ब्याज आम्दानी	३१०,६४५.४०	५१७,६०६.६८	७३२,९२९.९३	२३१,६५६	९२०,४३९	१,०९२,३३७	१,२३३,९६७
२. ब्याज खर्च	१३२,३७४.२८	१६५,५६३.३५	२४०,१७१.४३	८३,६३६	३४४,२४८	३९१,८०५	४५८,९३४
खुद ब्याज आम्दानी	१७८,२७१.१२	३५२,०४३.३३	४९२,७५८.५०	१४८,०२०	५७६,१९१	७००,५३२	७७५,०३२
४. कमिशन तथा अन्य सञ्चालन आम्दानी	७,९०२.५१	११,६९२.९३	१५,१८३.५३	४,८४४	१७,४६२	१९,२०८	२१,१२९
५. सटही घटवढ आम्दानी	-	-	-	-	-	-	-
कूल सञ्चालन आम्दानी	१८६,१७३.६३	३६३,७३६.२६	५०७,९४२.०३	१५२,८६४	५९३,६५२	७१९,७४०	७९६,१६१
६. कर्मचारी खर्च	६१,६१८.७१	१०३,३९३.४८	१२०,०२०.३९	३३,७६५	१९३,५११	२५९,२१५	३२१,७१८
७. अन्य सञ्चालन खर्च	२६,१२९.५९	४७,५८७.२३	६१,८७२.३१	१२,०१२	८६,२४३	९६,७५५	११२,८६३
८. सटही घटवढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	९८,४२५.३३	२१२,७५५.५५	३२६,०४९.३४	१०७,०८७	३१३,८९९	३६३,७७०	३६१,५८०
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	१९,५८४.९३	११,४८४.४७	४६,५५३.९९	१०,३९९	४३९	१०,६२७	८,०७२
सञ्चालन मुनाफा	७८,८४०.४०	२०१,२७१.०८	२७९,४९५.३४	९६,६८८	३१३,४६०	३५३,१४२	३५३,५०८
१०. गैर सञ्चालन आम्दानी/खर्च	-	-	-	-	-	-	-
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	-	७००.००	-	-	-	-
नियमित कारोवारवाट भएको मुनाफा	७८,८४०.४०	२०१,२७१.०८	२८०,१९५.३४	९६,६८८	३१३,४६०	३५३,१४२	३५३,५०८
१२. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	७८,८४०.४०	२०१,२७१.०८	२८०,१९५.३४	९६,६८८	३१३,४६०	३५३,१४२	३५३,५०८
१३. कर्मचारी बोनस ब्यबस्था	७,१६७.३१	१८,२९७.३७	२५,४७२.३०	८,७९०	२८,४९६	३२,१०४	३२,१३७
१४ आयकर व्यवस्था	२१,६३७.२६	५६,१११.४८	७६,९८८.०१	२६,३६९	८५,४८९	९६,३१२	९६,४११
यस वर्षको कर व्यवस्था	२२,६१८.३६	५६,९३७.५०	८४,३३९.०४	-	८५,४८९	९६,३१२	९६,४११
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-	-	-
यस वर्षको स्थगन कर आम्दानी/खर्च	(९८१.१)	(८२६.०१)	(७,३५१.०३)	-	-	-	-
खुद नाफा/नोक्सान	५०,०३५.८३	१२६,८६२.२३	१७७,७३५.०३	६१,५२९	१९९,४७४	२२४,७२७	२२४,९६०

नाफा नोक्सान बाँडफाँड हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित**		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
आम्दानी						
१. गत वर्षसम्मको समायोजीत संचित मुनाफा	१८२.१	३९,२९४.३९	१३८,४५८.१५	२८४,७९०	४४१,३७७	५२३,२८८
२. यस वर्षको मुनाफा	५०,०३५.८३	१२६,८६२.२३	१७७,७३५.०३	१९९,४७४	२२४,७२७	२२४,९६०
३. सटही घटबढ कोष	-	-	-	-	-	-
जम्मा	५०,२१७.९३	१६६,१५६.६१	३१६,१९३.१९	४८४,२६४	६६६,१०४	७४८,२४८
खर्च		-				
१) गत वर्षसम्मको संचित नोक्सान	-	-	-	-	-	-
२) यस वर्षको नोक्सान	-	-	-	-	-	-
३) साधारण जगेडा कोष	१०,००७.१७	२५,३७२.४५	३५,५४७.०१	३९,८९५	४४,९४५	४४,९९२
४) भैपरी आउने जगेडा	-	-	-	-	-	-
५) संस्था विकास कोष	-	-	-	-	-	-
६) लाभांश समिकरण कोष	-	-	-	-	-	-
७) कर्मचारी सम्बन्धी जगेडाहरु	-	५००	७५०.००	९९७	१,१२४	१,१२५
८) प्रस्तावित लाभांश	-	-	-	-	४,०००	५,६००
९) प्रस्तावित बोनस शेयर	-	-	-	-	८०,०००	८४,०००
१०) विशेष जगेडा कोष	-	-	-	-	-	-
११) सटही घटवढ कोष	-	-	-	-	-	-
१२) पूँजी फिर्ता जगेडा कोष	-	-	-	-	-	-
१३) पूँजी समायोजन कोष	-	-	-	-	-	-
१४) ग्राहक सेवा कोष	-	१,०००.००	१,७७७.३५	१,९९५	१२,७४७	१३,४५०
१५) स्थगन कर जगेडा	९१६.३८	८२६.०१	-	-	-	-
जम्मा	१०,९२३.५५	२७,६९८.४६	३८,०७४.३६	४२,८८७	१४२,८१६	१४९,१६६
१५. सञ्चित मुनाफा/(नोक्सान)	३९,२९४.३८	१३८,४५८.१५	२७८,११८.८३	४४१,३७७	५२३,२८८	५९९,०८१

नेटवर्थ सम्बन्धी विवरण

(रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित**		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
चुक्ता पूँजी	१०५,०००.००	१०५,०००.००	१४०,०००.००	२००,०००.००	२८०,०००.००	३६४,०००.००
जगेडा तथा कोषहरु	५०,२६३.४५	१७५,६२५.६८	३५०,८३३.३६	५५३,९८०.००	६८०,८३६.००	८०१,६२१.००
जम्मा	१५५,२६३.४५	२८०,६२५.६८	४९०,८३३.३६	७५३,९८०.००	९६०,८३६.००	१,१६५,६२१.००
घटाउः अपलेखन खर्च	-	-	-	-	-	-
जम्मा नेटवर्थ	१५५,२६३.४५	२८०,६२५.६८	४९०,८३३.३६	७५३,९८०.००	९६०,८३६.००	१,१६५,६२१.००
शेयर संख्या	१,०५०.००	१,०५०.००	१,४००.००	२,०००.००	२,८००.००	३,६४०.००
प्रति शेयर नेटवर्थ रु.	१४७.८७	२६७.२६	३५०.६०	३७६.९९	३४३.१६	३२०.२३
नेटवर्थमा प्रतिफल (%)	३२.२३%	४५.२१%	३६.२१%	२६.४६%	२३.३९%	१९.३०%
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS): ८९.११%

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
निक्षेपमा अनुमानित बृद्धिदर	२८.२४%	२२.७९%	२३.७५%
कर्जामा अनुमानित बृद्धिदर	२६.९३%	२१.२०%	१२.९४%
कर्जाबाट प्रप्त व्याज आम्दानीमा बृद्धिदर	४५.४३%	२५.५९%	१९.०३%
कुल व्याज आम्दानीमा बृद्धिदर	२५.५८%	१८.६८%	१२.९७%
कुल व्याज खर्चमा बृद्धिदर	४३.५७%	१३.८१%	१७.१३%
कर्मचारी खर्चमा बृद्धिदर	५७.७३%	३३.९५%	२४.११%
खुद नाफामा बृद्धिदर	६.७५%	१२.६६%	०.१०%
कर्पोरेट कर दर	३०%	३०%	३०%
पूँजीकोष पर्याप्तता (CAR)	१२.७६%	१७.९६%	१७.०७%
शाखा संख्या	९०	१००	११०

* व्यवस्थापनद्वारा प्रमाणित अपरिष्कृत वित्तीय विवरण।
** प्रक्षेपित वित्तीय विवरण माइक्रोफाइनान्स वित्तीय संस्था आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु जेबिआरएच एण्ड कम्पनीका चार्टर्ड एकाउटेण्ट् श्री राजु कुमार शिवाकोटीद्वारा प्रमाणित गरिएको छ।

१३. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

माइक्रोफाइनान्स वित्तीय संस्थाको अर्न्तनिहित जोखिमहरु निम्नानुसार रहेका छन् :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तन बाट हुन सक्ने जोखिमहरु।
- नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- सो नभएको।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :
- सो नभएको।

(ङ) विदेशी विनिमयको जोखिम :
- सो नभएको।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :
- सो नभएको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने सम्भावित जोखिमहरु।

(झ) सञ्चालन इतिहासको अभाव :
- यस माइक्रोफाइनान्स वित्तीय संस्थाले आफ्नो कारोवार २०७०/०२/०३ गते देखि मात्र औपचारीक रुपमा सञ्चालन गरेको हुँदा यस संस्थाको कारोवार सञ्चालनको इतिहास ३ वर्ष भन्दा बढीको रहेको छ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :
- नयाँ नयाँ सूचना प्रविधिहरुको विकाससँगै उत्पन्न हुन सक्ने जोखिमहरु।

(ट) अन्य :
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना:

माइक्रोफाइनान्स वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ। माइक्रोफाइनान्स वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुर्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरेको धितोपत्रको संख्या र रकम :

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये ५०% ले हुन आउने ३००,००० कित्ता शेयरका लागि रु. श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सालद्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ।

१५. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यवस्था :

१ **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :**
विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदको लागि प्राप्त आवेदनहरु धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिका, २०६८ मा भएको प्रावधान अनुसार आवेदकमा धितोपत्र बाँडफाँड गरिनेछ। यसरी बाँडफाँड पश्चात् प्रचलित धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई साधारण शेयरको प्रमाण-पत्र वितरण गरी वा निजहरुको हितग्रही खातामा जम्मा गरि निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लमिटेडमा सूचीकरण गरिनेछ।

२ **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :**
विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी दरखास्तवालाले दरखास्त फाराममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ। बाँडफाँडमा नपरेको शेयर वापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकलाई आवेदन रकम निष्काशन बैंक (Bankers to the Issue) मा जम्मा गर्दा व्याज आर्जन गरेमा सो आर्जेको व्याज (शेयर बाँडफाँड भन्दा एक दिन अघिसम्मको अवधिको) रकमको अस्सी प्रतिशत रकम दिइनेछ। यसरी प्रचलित व्यवस्था अनुसार अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा प्रचलित कानून बमोजिम गरिनेछ।

३ **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी दरखास्तवालाले दरखास्त फाराममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ। बाँडफाँडमा नपरेको शेयर वापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकलाई आवेदन रकम निष्काशन बैंक (Bankers to the Issue) मा जम्मा गर्दा व्याज आर्जन गरेमा सो आर्जेको व्याज (शेयर बाँडफाँड भन्दा एक दिन अघिसम्मको अवधिको) रकमको असी प्रतिशत रकम दिइनेछ। यसरी प्रचलित व्यवस्था अनुसार तोकिएको दिन भित्र साधारण शेयरको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी दिन नसकिएमा साधारण शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याजसहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

४ **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**
विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाणपत्र जारी गरिनेछ वा निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

५ **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**
हाल सम्म सूचीकरण भई नसकेको।

६ **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**
विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन निर्देशिका, २०६५ को दफा २६ मा भएको व्यवस्था अनुसारे सार्वजनीक निष्काशन गरेको धितोपत्रको दास्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि धितोपत्र बाँडफाँड भएको ३० दिनभित्र धितोपत्र बजार वा बैकल्पिक बजार (ओटिसी बजार) मा निवेदन दिनेछ।

१६. कम्पनीको प्रबन्ध-पत्र, नियमावली, वासलात, नाफा-नोक्सान हिसाबको निरीक्षण गर्न सकिने समय र स्थान :

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।
१. यस माइक्रोफाइनान्स वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय - दुहबी, सुनसरी।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं।

१७. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु र पालना गर्नु पर्ने शर्तहरु :

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्था वा कम्पनीले विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले दरखास्त फारमसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
२. आवेदकले आवेदन फाराममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ। साथै आवेदकहरुले अनिवार्यरुपमा आफ्नो हितग्राही खाता नम्बर (Demat Account No.) उल्लेख गर्नुपर्नेछ।
३. नाबालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।
४. आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई कुनै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा आवेदन दिएको अवस्थामा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाण अनिवार्य रुपमा दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।
५. नाबालकको हकमा माथि बुँदा १७ (३) र (४) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संरक्षक स्वयंले प्रमाणित गरी दरखास्त फारमसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
६. आवेदन दिंदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको शेयर संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
७. दरखास्तवाला, नाबालक समेतले स्वयंको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर अनिवार्य रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। आफ्नो खाता नं. उल्लेख गर्दा Clearing house को सदस्य भएको बैंक तथा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ।
८. प्रत्येक आवेदकले कम्तीमा ५० कित्ता शेयर खरिदका लागि आवेदन दिनुपर्नेछ। ५० कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० अङ्कको गुणन संख्यामा अधिकतम ३००० कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्। यस्तो साधारण शेयरका लागि आवेदन दिंदा आफूले खरिद गर्न चाहेको प्रति साधारण शेयर वापत रु.१००/- का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ।
९. रु.५०,००० भन्दा बढी रकम शेयरका लागि आवेदन दिंदा एकाउण्ट पेयी चेक मार्फत मात्र आवदेन रकम दिनुपर्नेछ।
१०. आवेदकले सार्वजनिक निष्काशनका क्रममा संकलन केन्द्र नभएको जिल्लाहरुबाट आवेदन दिनुपरेमा आवेदनसाथ आफूले खरिद गर्न चाहेको शेयर संख्याको दरखास्तसाथ प्रति शेयर रु १००/- को दरले हुन आउने बराबरको नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको बैंक ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। यसरी बैंक ड्राफ्ट मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदन फारममा सो ड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि दरखास्त फारामनम्बर र आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
११. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ।
१२. दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फारममा उल्लेख गरिएको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिईनेछ।
१३. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक भन्दा बढी आवेदन दिन पाइनेछैन। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ।
१४. संयुक्त रुपमा शेयर खरिद गर्नको लागि बढीमा दुई जनासम्मले मात्र संयुक्त नाममा आवेदन दिन सक्नेछन्। यसरी संयुक्त नाममा आवेदन दिने कसैले पनि शेयर खरिद गर्न पुनः छुट्टै अर्को आवेदन दिनसक्ने छैनन्। संयुक्त रुपमा आवेदन दिने आवेदकहरुसँग पत्राचार वा अन्य कुनै कार्य गर्दा आवेदन फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसँग गरिनेछ।
१५. प्रमाण-पत्र बुझ्न आउँदा र बाँडफाँडमा नपरेको शेयर बापतको रकम फिर्ता लिन आउँदा आवेदकले माथि बुँदा १७ (१) तथा (५) बमोजिम दरखास्त फारमसाथ पेश गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कल प्रतिको आधारमा सही दरखास्तवाला पहिचान गरेर मात्र बाँडफाँडमा नपरेको शेयर बापतको रकम दरखास्तवालाले दरखास्त फारममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरि रकम फिर्ता भुक्तानी दिइनेछ र शेयरको प्रमाण-पत्र वितरण गरिनेछ।
१६. कम्पनी वा संस्थाले शेयरका लागि आवेदन दिन चाहेमा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय सहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ।
१७. साधारण शेयर खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फाराम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।
१८. रु १० लाख भन्दा बढी आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नं उल्लेख गर्नुपर्नेछ। यस अतिरिक्त रु.१० लाख वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले सम्पति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१८. विवरणपत्र, दरखास्त फाराम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	फोन नं.	सम्पर्क व्यक्ति
१	नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडको लागि बृहस्पति बिद्या सदन (मालिगाउं पट्टीको गेट) नक्साल, काठमाण्डौं।*	४४११६०४	राजिव गुप्ता
२	फरवार्ड कम्यूनिटि माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड, केन्द्रीय कार्यालय दुहबी, सुनसरी तथा शाखा कार्यालयहरु भौखेल भक्तपुर, उग्रचण्डी नाला काभ्रे, विराटनगर मोरङ्ग, बेलबारी मोरङ्ग, हात्तीमुडा मोरङ्ग, रंगेली मोरङ्ग, उर्लाबारी मोरङ्ग, इनरुवा सुनसरी, धरान सुनसरी, खनार सुनसरी, धनकुटा धनकुटा, बसन्तपुर तेह्रथुम, खाँदबारी संखुवासभा, भोजपुर भोजपुर, विर्तामोड झापा, दुधे झापा, इलाम इलाम, फिदिम पाँचथर, ताप्लेजुङ्ग ताप्लेजुङ्ग, फत्तेपुर सप्तरी, गाईघाट उदयपुर, कटारी उदयपुर, मिर्चैया सिरहा, बर्दिबास महोत्तरी, मलंगवा सर्लाही, चन्द्रपुर रौतहट, कलैया बारा, सिर्सिया पर्सा, गोपीगञ्ज नवलपरासी, धकधई रुपन्देही, चन्द्रौटा कपिलवस्तु, सोनपुर दाङ्ग, नेपालगञ्ज बाँके, सानोश्री बर्दिया, धनगढी कैलाली, सडकपुर कैलाली, महेन्द्रनगर कञ्चनपुर, दैजी, कञ्चनपुर र सम्पर्क कार्यालय सिनामंगल, काठमाडौं।	०२५-५४००१८	कृष्ण भट्टराई
३	एभरेष्ट बैंक लिमिटेडको शाखा कार्यालयहरु काठमाडौ **उपत्याका भित्रः** न्युरोड, नयाँ बानेश्वर, काठमाडौं, पुल्चोक ललितपुर, भक्तपुर, भक्तपुर, काठमाडौं **उपत्यका बाहिरः** पोखरा, बिरगञ्ज जनकपुर, हटौडा, नारायणगढ, चितवन, बुटवल।	४४४३३७७	रघुनाथ प्रधान

नोटः *उपरोक्त संकलन केन्द्रबाट A/c. Payee चेक मात्र बुझिलिने ब्यवस्था गरिएको छ।

१९. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१	नबिल बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं	३५०६०१७५०००००६
२	एभरेष्ट बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं	०१४०११०२२०००५५
३	सेञ्चुरी कमर्सियल बैंक लिमिटेड, पुतलीसडक, काठमाडौं	००१०००२२६४CA
४	सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड, कमलादी, काठमाडौं	००१००००४३७CC
५	लक्ष्मी बैंक लिमिटेड, हात्तीसार, काठमाडौं	००५३४०१०२७६
६	नेपाल बङ्गलादेश बैंक लिमिटेड, कमलादी, काठमाडौं	००११७९१३CD
७	सानिमा बैंक लिमिटेड, नक्साल, काठमाडौं	००१०००१०७११०१
८	सिद्धार्थ बैंक लिमिटेड, हात्तीसार, काठमाडौं	००११५१७४८७६
९	बैंक अफ काठमाण्डु लुम्बिनी लिमिटेड, नक्साल, काठमाडौं	०६६७००८२००२६५२४
१०	ग्लोबल आइएमई बैंक लिमिटेड, पानीपोखरी, काठमाडौं	०१११०१००११०१७

नोटः आवश्यकता अनुसार निष्कासन बन्द हुनु अगाबै वोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

साधारण शेयर निष्कासनका क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्कासन बन्द हुने अघिको मितिसम्ममा नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी पठाएका निवेदनहरुलाई मात्र बाँडफाँडमा समावेश गर्ने व्यवस्था रहेको छ। साधारण शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।

२०. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय श्री नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड, नक्साल, काठमाडौंमा एक विशेष कक्षको ब्यवस्था गरिएको छ।


दरखास्त फारामको नमूना

प्रति दरखास्त फाराम रु.२/-

फोटो अनिवार्य

FORWARD फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
Community Microfinance Bittiya Sanstha Ltd.

साधारण शेयर खरिद दरखास्त फाराम

मार्फत: नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड

सि.नं.

श्री सञ्चालक समिति,
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
दुहबीभलुवा, सुनसरी, नेपाल।

कोड नं.
हितग्राही खाता नं. DP ID / Client ID

महाशय,
त्यस माईक्रोफाइनान्स वित्तीय संस्थाको मिति २०७३/०९/१९ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/- अङ्कित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं। त्यस माईक्रोफाइनान्स वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम		मिति	२०७३/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.			
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक			
	In English	Mr./Mrs./Miss/Minor			USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.	घर नं.	गा.वि.स./न.पा.	जिल्ला	
Permanent Address	Ward No.	House No.	VDC/Municipality	District	
सम्पर्क ठेगाना					
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.	
PAN No.		Contact. No.		नागरिकता जारी गरेको स्थान	
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा				
	In English				USE CAPITAL LETTER
बाबु/आमाको नाम					
Father's/Mother's Name					
बाजेको नाम					
Grandfather's Name					
पति/पत्नीको नाम					
संरक्षकको नाम (नाबालकको हकमा)					
Guardian's Name (Incase of minor)					

आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता (Demat Account No.) दरखास्त फाराममा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता उल्लेख नगरेको वा सही हितग्राही खाता (Demat Account No.) उल्लेख नगरेको दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन।

पुनश्चः आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ।

निवेदकको दस्तखत (नावालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फत: नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name			
Company's Name	Forward Community Microfinance Bittiya Sanstha Ltd.		
No. of Shares Applied	Call Money per Share	Rs.100	Amount Deposited (Rs.)
Amount in Words			

For Official Use Only:
Received by:
Date: Stamp
Code No.
DP ID
Client ID

निवेदकको दस्तखत (नावालकको हकमा अभिभावकको दस्तखत)

निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल
फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np